- आर्थिक वर्ष २०७५/७६ मा प्रगति शून्य
- योजना आयोगको आगामी लक्ष्य, ठेक्का व्यवस्थापन

तर, हालसम्म पनि निर्माण सुरु हुन सकेको छैन । फाइल सहरी विकास मन्त्रालयमै ठन्किएको छ । मन्त्रालयले बाहिरी चक्रपथ निर्माणमा चासो र तत्परता नदेखाउँदा चालू वर्षमा बाहिरी चक्रपथ निर्माण प्रगति शून्य छ ।

राष्ट्रिय योजना आयोगको वार्षिक विकास कार्यक्रममा २०७६/७७ मा हुने मुख्य क्रियाकलापमा बाहिरी चक्रपथ आयोजनाको ठेक्का व्यवस्थापन गर्ने लक्ष्य छ । तर, सरकारले भने चासो देखाएको छैन ।

आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम र बजेटमा बाहिरी चक्रपथ विषय समेटिएको छैन । काठमाडौं चक्रपथका लागि भने बजेट विनियोजन भएको छ । काठमाडौं चक्रपथ सडक विस्तार कार्य सम्पन्न गर्न १ अर्ब ११ करोड विनियोजन गरिएकोमा बाहिरी चक्रपथको नामसमेत उल्लेख छैन ।

काठमाडौं उपत्यका विकास प्राधिकरणका प्रवक्ता केशवप्रसाद न्यौपानेले प्राधिकरणको 'सिलिङ'अन्तर्गत १ अर्ब ११ करोड विनियोजन भएकाले त्यहीँबाट बजेट विभाजन गरेर चक्रपथ निर्माण कार्य अघि बढाउने बताउँछन् ।

सहरी विकास मन्त्रालयको योजनाअनुसार चालू आर्थिक वर्ष २०७५/७६ को दोस्रो चौमासिकमा एक किलोमिटर सडक निर्माण सुरु भइसक्नुपर्थ्यो । तर, सरकारको कमजोरीका कारण हालसम्म काम सुरु भएको छैन ।

जग्गा अधिग्रहणका लागि सहरी विकास मन्त्रालयमा फाइल पुगे पनि महिनौंदेखि निर्णयविहीन अवस्थामा छ ।

सहरी विकासमन्त्री मोहम्मद इस्तियाक राईले चक्रपथ निर्माणमा लगानी सुनिश्चितता नभई जग्गा अधिग्रहण अघि नबढाउने बताए । लगानी सुनिश्चित नभई जग्गा अधिग्रहण गराउँदा जग्गा व्यापारीले भाउमात्र बढाउने हुँदा पहिले लगानी सुनिश्चितता खोजिएको उनको भनाइ छ ।

निर्माण सुरु हुने लक्ष्य थियो । तर, पछिल्लो पटक जग्गामा विवाद देखिएपछि मन्त्रालय पुगेको फाइल थन्किएर बसेको छ ।

मन्त्री राईले संसद् विकास समितिमा डिपीआर परिवर्तन गरेरमात्र बाहिरी चक्रपथ निर्माण कार्य गर्न सम्भव रहेको बताएका थिए । बाहिरी चक्रपथ ८ लेनको बनाउने सरकारको तयारी छ । सडकका दुवै भागमा साइकल ट्र्याक र 'ग्रिन बेल्ट'सहितको फुटपाथ निर्माण गर्ने योजना बनाइएको छ ।

चक्रपथ काठमाडौं उपत्यकाका तीनवटै जिल्ला छुनेगरी बनाउन लागिएको छ । बाहिरी चक्रपथ तराई जोड्ने 'फास्ट ट्र्याक'का साथै अरनिको, त्रिभुवन र पृथ्वी राजपथसँग जोडिनेछ । बाहिरी चक्रपथ निर्माणका लागि साढे ६ अर्ब रुपैयाँ लाग्ने अनुमान गरिएको छ ।

## जलवायु परिवर्तन सम्मेलन सुरु

काठमाडौं/रास- विपद् व्यवस्थापन, ऊर्जा र जलवायु परिवर्तनसम्बन्धी दक्षिण एसियाली सम्मेलन राजधानीमा सुरु भएको छ । गाउँपालिका र नगरपालिकामा पनि विपद् व्यवस्थापन, ऊर्जा र जलवायु परिवर्तनसम्बन्धी आवश्यक जानकारी गराउने उद्देश्यसाथ सोमबारबाट सम्मेलन सुरु भएको हो ।

## आत्मसुरक्षा तालिम

ललितपुर/रास- नेपाल महिला चेम्बरले आत्मसुरक्षा, योग तथा काउन्सिलिङ तालिम सञ्चालन गरेको छ ।

पुल्चोकस्थित मदन स्मारक उच्च मावि प्रांगणमा जारी तालिम एक सातासम्म चल्ने नेपाल महिला चेम्बरकी प्रतिनिधि पृथविन्दु महर्जनले राजधानीलाई बताइन् । उनका अनुसार विभिन्न हिंसाबाट जोगिन आत्मरक्षा तालिम सञ्चालन गरिएको हो ।

चेम्बरले समाजमा बढ्दो हत्या-हिंसा, बलात्कार तथा एसिड आक्रमणजस्ता आपराधिक कार्यबाट सुरक्षित रहन सघाउ पुग्ने अपेक्षा राखेको छ ।

## आदर्श कोतवाल गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय

महेन्द्र आदर्श, बारा
प्रदेश नं.२, नेपाल

### सोलार बत्ति सेट आपुर्ति तथा जडान गर्ने बारेको सूचना

प्रथम पटक प्रकाशित मिति: २०७६/०२/२८ गते

उपरोक्त सम्बन्धमा यस गाउँपालिका अन्तर्गत विभिन्न स्थानमा सोलार बत्ति जडान गर्नुपर्ने भएकोले 40 watt solar street lighting system मा तपसिल अनुसारको आइटम सहित प्रति सेटको रु. १,२९,०००/- (अक्षरेपी रु. एक लाख उन्नतिस हजारमात्र) का दरले जम्मा ९ (नौ) थान खरिद गरि आपुर्ति गर्नुपर्ने भएकोले इच्छुक फर्म वा संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्रमा आफ्नो फर्म तथा संस्थाको हालसालै राजस्व तिरेको, नविकरण गराएको प्रमाणपत्रको प्रतिलिपि साथ यस कार्यालयमा गोप्य टेन्डर दर्ता गराउनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| | | |
|---|---|---|
| 1. | Solar PV | - 2 Unit |
| 2. | Solar battery | - 1 Unit |
| 3. | Solar led light/controller | - 1 Unit |
| 4. | Galvanized pole (5m) | - 1 Uint |
| 5. | Wire and kit set : light arms, PV frame, battery box, UVP cable and accessories | - 1 Set |

### साईकल आपुर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०७६/०२/२८ गते

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाको गाउँसभाबाट पारित कार्यक्रम बेटी बचाउ बेटी पढाउँ कार्यक्रम अन्तर्गत प्रति साइकलको मु.अ.कर बाहेक रु. ६,१९५/- (अक्षरेपी रु. छ हजार एक सय पन्चानब्बे मात्र) का दरले लेडिज साइकल २१० (दुई सय दश) थान कैटलक सपिङ्ग मेथड बाट खरिद गरि आपुर्ति गर्नु परेकोले, चाहिएको स्पेशिफिकेशन अनुसार आपुर्ति गर्ने इच्छुक व्यवसायी वा फर्मले आफ्नो फर्म वा संस्थाको हालसम्मको राजस्व तिरेको, नविकरण गराएको प्रमाणपत्रको प्रतिलिपि साथ यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा आवश्यक कागजात सहित निवेदन दिनुहुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

नि. प्रमुख प्रशासकिय अधिकृत